## बैठकको नाम : घरपझोङ गाउँ कार्यपालिकाको बैठक

**अध्यक्षता गर्ने पदाधिकारी :** गाउँपालिका अध्यक्ष **श्री मोहन सिंह लालचन**

**मिति :** २०८२।६।२ गते

**समय :** दिनको १:०० बजे

**स्थान :** गाउँ कार्यपालिकाको कार्यालय, जोमसोम

**बैठक संख्या :** ५२औं

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

**उपस्थिति :-**

| क्र.सं. | दस्तखत | पदाधिकारीको नाम | पद |
|---|---|---|---|
| १ | | श्री मोहन सिंह लालचन | अध्यक्ष |
| २ | | श्री जमुना थापा मगर | उपाध्यक्ष |
| ३ | | श्री आस बहादुर थकाली | का.पा. सदस्य/१ नं. वडा अध्यक्ष |
| ४ | | श्री मन बहादुर हिराचन | का.पा. सदस्य/२ नं. वडा अध्यक्ष |
| ५ | | श्री फलेन्द्र प्रसाद थकाली | का.पा. सदस्य/३ नं. वडा अध्यक्ष |
| ६ | | श्री याम प्रसाद थकाली | का.पा. सदस्य/४ नं. वडा अध्यक्ष |
| ७ | | श्री प्रदिप थकाली | का.पा. सदस्य/५ नं. वडा अध्यक्ष |
| ८ | | श्री राजु प्रसाद लालचन | कार्यपालिका सदस्य |
| ९ | | श्री भिषण थकाली | कार्यपालिका सदस्य |
| १० | | श्री अनिता घताने | कार्यपालिका सदस्य |
| ११ | | श्री बुद्ध हिराचन | कार्यपालिका सदस्य |
| १२ | | श्री रोजी थकाली | कार्यपालिका सदस्य |
| १३ | | श्री मणि सिरपाली | कार्यपालिका सदस्य |
| १४ | | श्री वेदहरि अधिकारी | प्रमुख प्रशासकीय अधिकृत |

घरपफ्फोङ गाउँपालिका

## गाउँ कार्यपालिकाको ५२औं बैठकको निर्णयहरु

मिति २०८२।६।२

**प्रस्ताव नं. १ :-**

अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा ।

**निर्णय नं. १ :-**

यस घरपफ्फोङ गाउँ कार्यपालिकाको मिति २०८२।४।२५ गते बसेको ५०औं र मिति २०८२।५।२४ गते बसेको ५१औं गाउँ कार्यपालिकाको बैठकको समिक्षा गरिएको । उक्त दुवै कार्यपालिकाको बैठकका निर्णयहरु मिति २०८२।५।३१ गते सञ्चालन हुने गरी तय भएको राष्ट्रिय स्तरको जलवायु परिवर्तन सम्मेलन सम्बन्धी रहेकोले कारणवश स्थगित भएको सम्मेलन सम्बन्धी निर्णयहरु पूर्ण रुपमा कार्यान्वयन नभएको र त्यस बाहेकका निर्णयहरुको कार्यान्वयन सन्तोषजनक रहेको व्यहोरा जानकारी भयो ।

**प्रस्ताव नं. २ :-**

हालको विशेष परिस्थितिमा योजनाहरुको कार्यान्वयन सम्बन्धमा ।

**निर्णय नं. २ :-**

यस घरपफ्फोङ गाउँसभाको १६ बैठकबाट स्वीकृत भएका बार्षिक योजनाहरुलाई स्वीकृत भए बमोजिम कार्यान्वयनमा लैजाने र देशको हालको विषम परिस्थितिका कारण नेपाल सरकारबाट योजनाहरु कार्यान्वयन सम्बन्धमा कुनै किसिमको निर्देशन भएको खण्डमा उक्त मिति सम्म योजनाहरुको कार्यान्वयनको अवस्था बमोजिम उपभोक्ता समितिहरुले सहयोग गर्ने गरी योजनाको सम्झौता गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ३ :-**

इजाजत पत्र सम्बन्धमा ।

**निर्णय नं. ३ :-**

यस गाउँ कार्यपालिकाको कार्यालयमा "घ" वर्गको इजाजत उपलब्ध गराई दिने भनी अनुसूची-१ भरी मुस्ताङ जिल्ला थासाङ गाउँपालिका ४ नं. वडाका श्री दीपा श्रेष्ठले निवेदन पेश गरेकोमा घरपफ्फोङ गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी दोश्रो संसोधित कार्यविधि, २०८१ ले गरेको व्यवस्था बमोजिम पेश भएको ठुलढुङ्गा कन्सट्रक्सनलाई इजाजत पत्र उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ४ :-**

उर्जा योजना स्वीकृति सम्बन्धमा ।

**निर्णय नं. ४ :-**

GIZ-REEEP/GREEN को प्राविधिक तथा आीर्थक सहयोगमा यस घरपफ्फोङ गाउँपालिकाको गाउँपालिका स्तरी उर्जा योजना (२०८२-२०८६) लाई स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित

२०८२।०६।०२

**प्रस्ताव नं. ५ :-**

एम्बुलेन्स माग गर्ने सम्बन्धमा ।

**निर्णय नं. ५ :-**

यस गाउँपालिकामा रहेको एम्बुलेन्स ईन्जिनमा प्राविधिक समस्या आई (ईन्जिनको कभर पड्किएको) ईन्जिन नम्बर नै नयाँ लिनु पर्ने गरी बिग्रीएको र मर्मत समेत गर्नका लागि ठुलो रकम लाग्नुका साथै ईन्जिनको नयाँ नम्बर लिनका लागि लामो प्रकृया रहेको हुँदा उक्त एम्बुलेन्सलाई मर्मत नगर्ने सर्वसम्मत निर्णय गरियो । साथै एक वटा एम्बुलेन्स गाउँपालिकालाई आवश्यक समेत देखिएकोले र गाउँपालिका संग आर्थिक श्रोतको अभावका कारण एम्बुलेन्स तुरुन्तै खरिद गर्न सम्भावना नरहेको हुँदा १) भारतीय राजदुतावास, २) चिनीया राजदुतावास, ३) काठमाण्डौ महानगरपालिका, ४) ललितपुर महानगरपालिका साथै अन्य सम्बन्धित निकायहरुमा एम्बुलेन्स सहयोग माग गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ६ :-**

सम्पन्न योजनाहरुको उद्घाटन कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा ।

**निर्णय नं. ६ :-**

यस घरपझोङ गाउँपालिकाले निर्माण गरी सम्पन्न भएका विभिन्न पूर्वाधारका योजनाहरुको यही २०८२ सालको दशै र तिहार बिचको समयमा उद्घाटन कार्यक्रमको व्यवस्थापन गर्नका लागि गाउँ कार्यपालिकालिको कार्यालयलाई दिर्नेशन दिने सर्वसम्मत निर्णय गरियो । उद्घाटन कार्यक्रम सञ्चालन गर्नका लागि उद्घाटन गराउने विशिष्ट व्यक्तित्तवको चयन, सम्पर्क गर्ने साथै उद्घाटन कार्यक्रमको समय तालिका तयार गर्ने जिम्मा गाउँपालिका अध्यक्षज्यूलाई दिने समेत सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ७ :-**

सार्वजनिक कुकुरहरुको व्यवस्थापन सम्बन्धमा ।

**निर्णय नं. ७ :-**

बन्ध्याकरणको माध्यमबाट सार्वजनिक कुकुरहरुलाई व्यवस्थापन गर्न खोजिएको भएता पनि कुकुरहरुको संख्यामा कमि आउन नसकेको र त्यस्ता कुकुरहरुले गाउँघर र बजार क्षेत्रहरुमा घरपालुवा पशुपंक्षिलाई आक्रमण गर्नुका साथै बालबालिका, पर्यटक लगायत स्थानीय वासिन्दाहरुलाई समेत असर गरेको व्यापक जनगुनासो आएको हुँदा त्यस्ता सार्वजनिक कुकुरहरुलाई व्यवस्थापन गर्नको लागि कुकुर सेल्टरको निर्माण गर्नका लागि वडा अध्यक्षज्यूहरुले सम्बन्धित वडाका गाउँबस्तीहरुमा, गा.पा. अध्यक्षज्यूले भेटेरनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना, ईलाका संरक्षण कार्यालय, जोमसोम साथै अन्य सरोकारवाला निकायहरु सँग समन्वय गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित ।

०८२।०६।०२

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

**प्रस्ताव नं. ८ :-**

स्वास्थ्य संस्थाहरु सञ्चालन गर्ने सम्बन्धमा ।

**निर्णय नं. ८ :-**

२०८२ सालको महान चाड दशै र दिपावलीको समयमा सार्वजनिक बिदाका दिनहरुमा स्वास्थ्य संस्थाहरु सञ्चालन गर्ने र उक्त समय अवधिमा खटिने स्वास्थ्यकर्मीहरुलाई उक्त दिनकोसट्टा बिदा दिने व्यवस्था मिलाउनेगरी स्वास्थ्य शाखालाई जिम्मेवारी दिने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ९ :-**

अध्ययन बिदाको लागि अनुमति दिने सम्बन्धमा ।

**निर्णय नं. ९ :-**

यस घरपझोङ गाउँपालिका ५ नं. वडा ठिनीमा रहेको जोमसोम स्वास्थ्य चौकीमा कार्यरत सि.अ.हे.ब. श्री अर्जुन किसानले उच्च अध्ययनको पूर्व सहमतिका लागि मिति २०८२।५।२२ गते पेश गरेको निवेदनको सम्बन्धमा निजलाई उच्च अध्ययनको लागि सेवा संग सम्बन्धित ऐन नियमानुसार हुनेगरी पूर्व सहमति प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १० :-**

विभिन्न पत्रहरुको सम्बन्धमा ।

**निर्णय नं. १० :-**

१) यस गाउँपालिको ३ नं. वडा पुथाङमा रहेको कृषि उपज केन्द्रको मर्मतका लागि रामलाल विश्वकर्मा समेतबाट पेश भएको निवेदनका सम्बन्धमा अत्यावश्य तुरुन्तै गर्नु पर्ने मर्मत तथा रंगरोगनको प्राविधिकबाट लागत ईस्टिमेट तयार गरी पेश गर्न निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

२) यस गाउँपालिका ५ नं. वडाबाट माग भएको झोलुङ्गे पुलको सम्बन्धमा कार्यान्वयनमा ल्याउन सक्ने सम्बन्धित निकायमा माग पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

३) Apex-Amit –Joint Venture को मिति २०८२।४।१९ गते दर्ता भएको निवेदनका सम्बन्धमा आवश्यक पहल गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित ।

०८२।०६।०२

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल